396

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ४१०/२०७१/०७२

निर्णय नं. ४

महमद इद्रीस मुलमान कपिलवस्तु न.पा. ९, महुवा कपिलवस्तु ....................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कपिलवस्तु नगरपालिकाको कार्यालय ....................................१ विपक्षी

सूचना अधिकारी, कपिलवस्तु नगरपालिकाको कार्यालय ....................................१

विषय :- **माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

महमद इद्रीस मुलमान कपिलवस्तु न.पा. ९, महुवा कपिलवस्तले कपिलवस्तु नगरपालिकाको कार्यालय समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।०७ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी कपिलवस्तु नगरपालिकाको कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. पुनरावेदक महमद इद्रीस मुलमानले तहाँ कार्यालयमा कपिलवस्तु जिल्ला साविक पिपरी गा.वि.स. वडा नं. १ हाल कपिलवस्तु नगरपालिका वडा नं. ७ ब्लक नं.६१६ की लगायतका जग्गामा २०६८ सालमा नापी भएको यी पुनरावेदकको जग्गामा बाटो निमार्ण कार्य रोक्का गर्ने सम्बन्धमा पुनरावेदकले दर्ता गराएको द.नं. ३२८२, मिति २०६९।०९।१९ को निवेदनमा कारवाही भयो भएन सो को जानकारी ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल श्रावण १५ गते रोज ५ शुभम् ।